# साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रम

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा
व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह एम.एड.द्धितीय
वर्षको (Ed. ५९८) विषयको आंशिक आवश्यकता
पुरा गर्नको लागि प्रस्तुत

**शोधपत्र**


**प्रस्तुतकर्ता**

जमुना तिम्सिना

त्रि.वि.दर्ता न.-६१-२१४-८१-९६

परीक्षा रोल. न.-२१४००६६/०६५

क्याम्पस रो.न.-६३/२०६४/०६६

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


२०६७

त्रिभुवन विश्वविद्यालयद्धारा सम्बन्धन प्राप्त

# सुकुना वहुमुखी,क्याम्पस

Sukuna multiple campus

इन्द्रपुर, मोरङ्

स्थापित : २०४८

पत्र स.ं फोन न.ं :

चलानी न.ं मिति :

---

सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह एम.एड. द्धितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नको लागि शोधकर्ता जमुना तिम्सिनाद्धारा तयार पारिएको **साक्षरता वृद्धिमा अनौपचारिक शिक्षाकार्यक्रमले पारेको प्रभाव** विषयक शोधपत्र मेरो प्रत्यक्ष सहयोग, सल्लाह, सुझाव र निर्देशनमा तयार पारिएको प्रमाणित गर्दै आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

................................

शि.स. भोजराज घिमिरे

(शोधनिर्देशक)

त्रिभुवन विश्वविद्यालयद्धारा सम्बन्धन प्राप्त
सुकुना वहुमुखी,क्याम्पस
Sukuna multiple campus
इन्द्रपुर, मोरङ्
स्थापित : २०४८

पत्र स.ं फोन न.ं :
चलानी न.ं मिति :

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम.एड. द्धितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नको लागि शोधकर्ता जमुना तिम्सिनाद्धारा तयार पारिएको **साक्षरता वृद्धिमा अनौपचारिक शिक्षाकार्यक्रमले पारेको प्रभाव** शीर्षकमा शोधअध्ययन पुरा गरि स्वीकृतीका लागि सिफारिस सहित पेश गर्नु भएकोले यो शोधपत्र यस मूल्यांकन समितिद्धारा स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| सि.न | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | उप.प्रा. लक्ष्मीकुमार श्रेष्ठ | विभागिय प्रमुख | ................ |
| २. | शि.सा. भोजराज घिमिरे | शोध निर्देशक | ................. |
| ३. | ............................... | वाह्य परीक्षक | .................. |

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत शोधपत्र (५९८) को आवश्यकता परिपूर्तिको निमित्त प्रस्तुत **साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रम** को अध्ययन शोधपत्रको प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक मार्गनिर्देशन गर्नु हुने शिक्षा विभागीय प्रमुख स.प्राध्यापक लक्ष्मीकुमार श्रेष्ठ, शि.स. भोजराज घिमिरे, शि.स.गणेश दाहाल, शि.स. खगेन्द्र लुईटेल तथा शि.स. तोयानाथ अधिकारीज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

यसरी अनुसन्धान कार्य सुर्धान महत्वपूर्ण सल्लाह, सुझाव एवं आवश्यक मार्गनिर्देशन गर्नु हुने शोधनिर्देशक शि.स. भोजराज घिमिरेज्यू प्रति मुरीमुरी आभार व्यक्त गर्न चाहन्छु । शोधपत्र लेखन कार्यमा आवश्यक शैक्षिक सामग्री उपलब्ध गरिदिनु हुने आदरणीय गुरु श्री अशोक कालाखेतीज्यू प्रति आभार प्रकट गर्दछु र आवश्यक सरसल्लाह, सहयोग एवं प्रोत्साहन दिनुहुने सम्पूर्ण साथीहरुलाई पनि धन्यवाद नदिरहन सक्दिन । यसैगरी अध्ययन कार्यका लागि छनोट गरिएका मोरङ् जिल्लाको सुन्दरपुर गा.वि.सका व्यवस्थापन समितिका अध्यक्ष खगेन्द्र ओझा, इन्द्रपुर गा.वि.स.का शाखा अधिकृत विनोद न्यौपाने र वेलबारी गा.वि.सका सचिव श्री विनोद घिमिरे तथा सम्पूर्ण अन्तरवार्तामा सहभागी भई सहयोग गर्नुहुने सहयोगी कार्यकर्ता एवं सम्पूर्ण व्यक्तिहरुलाई धन्यवाद दिन चाहन्छु साथै उपयुक्त वातावरण मिलाइ अध्ययन गर्न प्रोत्सान गरिरहनु हुने आदरणीय माता श्री देवका तिम्सिना, पिता श्री प्रेमप्रसाद तिम्सिना तथा सम्पूर्ण मेरा परिवारका सदस्यलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा शोधपत्र प्रतिवेदनको टाइप तथा प्रिन्ट गरी सहयोग गर्नु हुने श्री दुर्गाप्रसाद खरेललाई पनि धन्यवाद दिन चाहन्छु ।

जमुना तिम्सिना

हरैचामोड

२०६७ असोज

## शोधसार

"शिक्षा नै हरेक उन्नतिको मुहान हो" ,मानव जीवनमा शिक्षाको धेरै महत्व छ । शिक्षा विना मानव जीवन एक प्रकारले अधुरो रहन्छ, बच्चा जन्म लिना साथ उसको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकार हुनजान्छ र राष्ट्रले प्रत्येक नागरिकलाई शिक्षित गर्नुपर्ने जिम्मेवारीबाट अलग रहन सक्दैन । मातृभाषा वा राष्ट्र भाषामा लेखिएका दैनिक जीवन सँग सम्बन्धित विषय वस्तुहरु बुझेर लेखपढ गर्न सक्ने र सिकेका कुरा आपसमा सञ्चार गर्न सक्ने तथा दैनिक जीवनमा काम लाग्ने साधारण हरहिसाब गर्न सक्ने सीप व्यक्तिमा प्राप्त भएकालाई साक्षर भनिन्छ ।

साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रम नामक शोधशीर्षकमा गरिएको यस अनुसन्धानमा साक्षरता शिक्षा कार्यक्रमको अवस्था, साक्षरता शिक्षा कार्यक्रमको सिकाइ उपलब्धिको स्थिति, प्रौढसाक्षरता शिक्षा कार्यक्रमको विश्लेषण र  साक्षरता शिक्षाकार्यक्रमको समस्या पहिचान गर्न र समस्या समाधानका उपायहरु सुझाउने जस्ता उद्धेश्यहरुलाई समेटिएको छ ।

अध्ययनको कममा यो शोधपत्र तयार गर्नका लागि मोरङ् जिल्लाका ६५ गा.वि.स.मध्ये ३ वटा गा.वि.स. (सुन्दरपुर गा.वि.स., इन्द्रपुर गा.वि.स. र वेलबारी गा.वि.स.) लाई उद्धेश्यमूलक नमुना छनौट विधिबाट छनौट गरिएको छ । ३ वटा गा.वि.स. अन्तर्गत ६ वटा साक्षरता कक्षा ५९ जना मध्ये २/२ जना सहभागी गरी जम्मा १२ जना प्रौढहरुलाई लिइएको छ त्यसैगरी ३ जना व्यवस्थापक, ३ जना स्थानीय निरीक्षक, ६ जना सहयोगी कार्यकर्ता गरी जम्मा २४ जनालाई उद्धेश्यमूलक नमुना छनौट र जनगणना विधिबाट छनौट गरिएको छ । उनीहरुबाट आएका तथ्याङ्कहरुलाई संकालन गरी व्याख्या विश्लेषण गरिएको छ ।

यस शिक्षाप्रति सकारात्मक धारणा रहेता पनि विभिन्न आर्थिक, सामाजिक, व्यवहारिक र व्यवसायिक सीपमूलक शिक्षा नभएको कारणले गर्दाकेही सहभागीहरुको नकारात्मक धारणा रहेको पाइयो । त्यसैगरी शैक्षिक क्षेत्रमा देखिएका अन्य समस्याहरुको कुरा गर्दा छुट्टै भवनको  व्यवस्था नभएको, भौतिक पूर्वाधारको व्यवस्था नभएको, शैक्षिक सामाग्री उपयुक्त नभएको र समयमै नआइपुगेको, पढ्नको लागि उपयुक्त सुकुलको व्यवस्था नभएको, केही सहभागीहरुका लागि व्यवहारिक सीपमुलक शिक्षा नभएको र बढी सैद्धान्तिक ज्ञान भएकोले गुनासो गरेको देखियो यसकारण शिक्षा क्षेत्रमा देखिएका जुनसुकै

समस्याहरुलाई समाधानका लागि उनीहरुलाई व्यवसायिक सीपमूलक शिक्षाका माध्यमबाट शिक्षण गर्नुपर्ने, जीवनपयोगी पाठ्यक्रम तयार गर्नुपर्ने देखिन्छ र सीपमूलक शिक्षाका माध्यमबाट उनीहरुलाई आत्मनिर्भर बनाउनका लागि स्थानीय तहदेखि केन्द्रिय तह सम्मका सम्बन्धीत व्यक्तिहरुले आ-आफ्नो स्थानबाट पहल गर्नुपर्ने देखिन्छ ।

यसर्थ, प्रौढ साक्षरता शिक्षामा अध्ययन गर्ने सहभागीहरुको आर्थिक अवस्था ज्यादै कमजोर भएका कारणले गर्दा उनीहरुले दैनिक रुपमा जीवन गुजारा गर्नका लागि ज्यालादारी कार्य गर्नुपर्ने भएकोले तोकेको अवधिभरि निरन्तर शिक्षा आर्जन गर्न सकेको देखिएन जसलाई समाधान गर्नको लागि राज्यले लक्षित वर्ग, न्यून आर्थिक अवस्था भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई अध्ययन गर्नको लागि सहज वातावरण सिर्जना गराउनका लागि भत्ताको व्यवस्था गरिनुपर्ने, व्यवसायिक सीपमूलक शिक्षा, योग्यता क्षमता अनुसारको रोजगारीको व्यवस्था हुनुपर्ने कुरामा जोडदिएको पाइयो । जहाँ बढी निरक्षर प्रौढ महिला तथा पुरुषहरु छन्, वैकल्पिक बाटो विराएका व्यक्तिहरु, विचमै कक्षा छाड्ने युवा युवतिहरुलाई मध्यनजर गरी राज्यले बढी भन्दा बढी शिक्षामा लगानी गरी साक्षरता शिक्षाको साथसाथै व्यवसायिक सीपमूलक शिक्षामा जोड दिनुपर्ने कुरामा यस क्षेत्रको तथ्याङ्कले देखाएको पाइयो ।

जसलाई समाधान गर्नका लागि निम्न सुझावहरुलाई दिन सकिन्छ :

संलग्न सरकारी गैरसरकारी संघसंस्थाहरु वीच समन्वय हुनुपर्ने, साक्षरता कार्यक्रम आयमूलक तथा कार्यमूलक शिक्षा हुनुपर्ने, राजनीतिक दलहरु सक्रिय हुनुपर्ने, व्यापक जनचेतना मूलक तथा सकारात्मक सोचाई हुनुपर्ने, फितलो राष्ट्र नीति नहुनु, विशेष लक्षित समुहलाई  कार्यक्रममा सहभागी गराईनु पर्ने, आयआर्जन र निरन्तर शिक्षा सँग आवद्ध हुने खालका साक्षरता कार्यक्रमहरु संचालन गर्नुपर्ने र शिक्षाको उद्धेश्य व्यक्तिलाई भर्ना गर्नु मात्र नभई विद्यार्थीले पाउने वास्तविक ज्ञान प्राप्त गर्नुपर्ने जस्ता सुझावहरु दिइएको छ

# विषयसूची


पेज नं.

सिफारिस पत्र i
स्वीकृति पत्र ii
कृतज्ञता ज्ञापन iii
शोधसार iv

संक्षिप्त शव्दावली


## परिच्छेद एक : परिचय


१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ६
१.३ अध्ययनको औचित्य ६
१.४ अध्ययनको उद्देश्य ७
१.५ अनुसन्धानात्मक प्रश्नहरु ७
१.६ अध्ययनको परिसीमा ८
१.७ सम्बन्धित शब्दावलीको परिभाषा ८


## परिच्छेद दुई : सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन


२.१ अध्ययनको सैद्धान्तिक खाका ९
२.२ सम्बन्धित साहित्यको पुनरावलोकन ११
२.३ शैक्षिक उपादेयता १४


## परिच्छेद तीन :अध्ययन विधि


३.१ अनुसन्धानात्म ढाँचा १५
३.२ तथ्याङ्क संकलन प्रक्रिया १५
३.२.१ जनसंख्याको नमुना १५

३.२.२ नमूनाको आकार १५
३.२.३ नमूना छनौटको विधि १५
३.२.४ नमूना छनौटका आधारहरु
१६
३.३ अध्ययन अनुसन्धानका साधन
३.४ तथ्याङ्कका स्रोतहरु १६
३.४.१ प्राथमिक स्रोत १६
३.४.२ द्बितीय स्रोत १६
३.५ तथ्याङ्कका विश्लेषण प्रक्रिया १७

## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतिकरण

४.१ प्रौढ साक्षरता शिक्षाको अवस्था १८
४.१.१ नमूना क्षेत्रभित्रको साक्षरताको स्थिति १९
४.१.२ साक्षरता कार्यक्रमको भौतिक अवस्था २१
४.१.३ साक्षरता शिक्षा र सामाजिक स्थिति २३
४.१.४ साक्षरता शिक्षाप्रति सरोकारवालाको दृष्टिकोण २४
४.२ साक्षरता शिक्षा कार्यक्रमको उपलब्धि २७
४.२.१ साक्षरता शिक्षाको वर्तमान अवस्था २७
४.२.२ प्रौढ साक्षरता शिक्षाको सिकाइ उपलब्धिको स्थिति २९
४.२.३ साक्षरता शिक्षाप्रति सहभागीको दृष्टिकोण ३१
४.३ साक्षरता शिक्षा कार्यक्रमका समस्याहरु ३३
४.३.१ स्रोत शिक्षक/स्थानीय निरीक्षकबाट औल्याइएका समस्याहरु ३३
४.३.२ सहभागी/सहयोगी कार्यकर्ताबाट औल्याइएका समस्याहरु ३४
४.३.३ व्यवस्थापन समितिका पदाधिकारीबाट औल्याइएका समस्याहरु ३४
४.३.४ अध्ययन अवलोकनबाट देखिएका समस्याहरु ३५
४.३.५ समस्या समाधानका उपायहरु ३६

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

५.१ प्राप्ति ३७
५.२ निष्कर्ष ३८
५.३ सुझाव ३९
**सन्दर्भसामग्री**
**अनुसुचीहरु**

# तालिकासूची


तालिका : १ साक्षरता शिक्षाको शैक्षिक स्थिति १९
तालिका : २ साक्षरता कार्यक्रमको भौतिक अवस्थाको स्थिति २१
तालिका : ३ साक्षरताको सामाजिक स्थिति २३
तालिका : ४ साक्षरता शिक्षाको वर्तमान अवस्था २८
तालिका : ५ प्रौढ साक्षरता शिक्षाको सिकाइ उपलब्धिको स्थिति २९
चित्र : ३ साक्षरता शिक्षाको सामाजिक स्थिति २४
चित्र : ५ सिकाइ उपलब्धिको स्थिति ३०

## संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| अ.सा.के. | : | अनौपचारिक साक्षरता केन्द्र |
| उ.रा.शि.आ. | : | उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| गै.स.स. | : | गैर सरकारी संस्था |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| जि.शि.अ. | : | जिल्ला शिक्षा अधिकारी |
| स.का. | : | सहयोगी कार्यकर्ता |
| क्षे.शि.नि. | : | क्षेत्रिय शिक्षा निर्देशनालय |
| IIEP | : | International Institute to Educational Planning |
| NFE | : | Non –Formal Education |
| UNICEF | : | United Nations International Children Education Fund |